## [३९]अनुसूची- २५(क)

**(विनियम ३० को उपविनियम ४ सँग सम्बन्धित)**

**<u>धितोपत्रको हस्तान्तरण दस्तुर</u>**

१. निक्षेप सदस्यले घरायसी हस्तान्तरण वा अंशबण्डाबाट प्राप्त धितोपत्रको हस्तारणका लागि हस्तान्तरण गरिने धितोपत्रको चुक्ता रकमको दुई प्रतिशत वा न्यूनतम दुईसय रुपैयाँ लिनु पर्नेछ।

२. निक्षेप सदस्यले धितोपत्र धनीको मृत्यु पश्चात् हकवालामा सर्ने धितोपत्रको हस्तान्तरणका लागि देहाय बमोजिमको शुल्क लिनेछ :

| धितोपत्रको चुक्ता रकम | निक्षेप सदस्यले लिने शुल्क |
|---|---|
| रु. १,००,०००।- सम्म | ०.५% वा न्यूनतम रु.२५।- |
| रु. १,००,००० भन्दा माथि रु. ५,००,०००।- सम्म | ०.२% वा न्यूनतम रु.५००।- |
| रु. ५,००,००० भन्दा माथि रु.१०,००,०००।- सम्म | ०.१५ % वा न्यूनतम रु.१०००।- |
| रु.१०,००,०००।- भन्दा माथि | ०.१% वा न्यूनतम रु.१५००।- |

३. उपरोक्त बमोजिम निक्षेप सदस्यले लिएको शुल्कको ६० प्रतिशत सिडिएससीलाई बुझाउनु पर्नेछ।

[३९] धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत

# [४०]अनुसूची- २५(ख)

**(विनियम ३० को उपविनियम ४(क) र ४(ख) सँग सम्बन्धित)**

**घरायसी / अंशवण्डा हस्तान्तरण लागि दिने निवेदनको ढाँचा**

मिति : ............................

श्री ............................

.................................

**विषय : घरायसी/अंशवण्डा हस्तान्तरण बारे ।**

उपरोक्त विषयमा ....................................को नाममा रहेको हितग्राही खाता नम्बर ................................. बाट .................................... नाता पर्ने हितग्राही खाता नम्बर .......................... भएको श्री ...................................... को नाममा देहाय बमोजिमको धितोपत्र हस्तान्तरण गरिदिनु हुन आवश्यक कागजात समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । उक्त धितोपत्रमा मेरो बाहेक अन्य कसैको हक अधिकार नरहेको व्यहोरा प्रमाणित गर्दछु । उक्त व्यहोरामा कुनै फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| क्र.सं. | कम्पनीको नाम | आई.एस.आई.एन. | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**धितोपत्र लिने :**
माथि उल्लेख विवरण अनुसारको धितोपत्र दिन चाहने
श्री
मेरो एकाघरको नाता पर्ने कुरा
ठिक साँचो हो । उक्त धितोपत्र लिने ईच्छा भएकोले मेरो
नाममा नामसारी गरी पाऊँ ।
दस्तखत :
नाम :
बाबुको नाम :
बाजे/पतिका नाम :
ठेगाना :
फोन नं.:

**धितोपत्र दिने :**
दस्तखत :
नाम :
बाबुको नाम :
बाजे/पतिको नाम :
ठेगाना :
फोन नं.:

औंठाको छाप :
दायाँ बायाँ

निक्षेप सदस्यको आधिकारीक व्यक्तिको
नाम :-
हस्ताक्षर :-
कम्पनीको छाप :-

**घरायसी हस्तान्तरण लागि पेश गुर्न पर्ने आवश्यक २/२ प्रति कागजातहरु :-**

(१) धितोपत्र नामसारी गरी लिने तथा धितोपत्र नामसारी गरी दिने दुवैको निवेदन ।

(२) धितोपत्र लिने तथा दिने दुबैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) धितोपत्र लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि ।

---

**द्रष्टव्य : पेश गरेको प्रतिलिपिको सक्कल समेत लिई निवेदक स्वयं उपस्थित हुनु पर्नेछ ।**

[४०] धितोपत्र केन्द्रीय निक्षेप सेवा (तेस्रो संशोधन) विनियमावली, २०७५ द्वारा संशोधीत